आ.व. ०७६।०७७
बैठकः- नगर कार्यपालिका बैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

बैठक संख्याः-०४/०७६/०७७
मितिः-२०७६।५।२५
स्थानः- ता.न.पा सभाहल
समयः- बिहान ७.३० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति**

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | — |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुत्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | — |
| श्री सुनिला श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैंयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | मैया |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री रेशमलाल न्यौपाने | नि.प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

आमन्त्रित

श्री शिव थापा ज्ञ.वी.वडा अध्यक्ष ता.न.पा.१

श्री दइसुके ओगुरा (राम बहादुर) जापानी स्वयंसेवक

**निर्णय नं. १**

मित्रराष्ट्र गणतन्त्र चिनको सिचुवान प्रान्त स्थित लसान नगरपालिकाको निमन्त्रणामा यही २०१९ सेप्टेम्बर ५ देखि ८ सम्म आयोजित छैठौं सिचुवान अन्तर्राष्ट्रिय पर्यटन महोत्सवमा यस नगरपालिकाका प्रमुख अशोककुमार शाहीको नेतृत्वमा गएको टोलीलाई आयोजक लसान नगरपालिकाबाट प्राप्त भएको न्यानो आतिथ्यता तथा सत्कारको निम्ति धन्यबाद् प्रस्ताव पारित गरियो साथै लसान भ्रमणको दौरानमा चिनिया नेतृत्वबाट तानसेनको पर्यटन, शिक्षा, उद्योग लगायतका सम्भावित क्षेत्रहरुमा आगामी दिनमा लगानी मैत्री वातावरण बनाउन सकिने आश्वासन प्राप्त भएकोले सो का निम्ति नियमित रुपमा आवश्यक पर्ने गृहकार्य, समन्वय, परामर्श तथा व्यवस्थापकीय कार्यका लागि तानसेन नगरपालिकामा एक विशेष कार्यदल गठन गरी अगाडी बढ्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको पर्यटन विकास र प्रवर्द्धनमा स्वयं सेवक पर्यटन विज्ञको रुपमा आगामी २ वर्ष काम गर्न Japan International Cooperation Agency(JICA) बाट यस तानसेन नगरपालिकामा खटिई आउनु भएका जापान नागरिक श्री ओगुरा दाइसुकेलाई स्वागत गरियो साथै स्वयंसेवक पठाउने निकाय Japan International Cooperation Agency(JICA) लाई धन्यबाद प्रस्ताव पारियो ।

**निर्णय नं. ३**

यस नगरपालिका कार्यालयको दैनिक सरसफाई व्यवस्थापनका निम्ति दुई जना कार्यालय सहयोगीलाई विहान ८ बजे देखि १ बजे सम्म कार्यालयका सबै कक्ष तथा परिसरहरुको सरसफाईको काममा १/१ महिनामा पालो परिवर्तन हुने गरी तत्कालै व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं.४

केही समय यता देखि यस तानसेन नगरपालिकाबाट प्रदान हुने दैनिक सेवा प्रवाहको प्रभावकारीताका विषयमा बिभिन्न क्षेत्रबाट चासो तथा गुनासो प्राप्त भएकोले त्यस्ता गुनासो सकेसम्म कम आउने गरी नगरपालिकाको आन्तरिक व्यवस्थापनमा चुस्तता ल्याउन र गुनासो रहीत वातावरण सृजना गर्ने उद्धेश्यले नगरपालिकाको जनप्रतिनिधि र अधिकृत कर्मचारीबाट प्रतिनिधित्व हूने गरी एउटा कार्यालय व्यवस्थापनका लागि सल्लाहाकार समुह गठन गर्ने एवं उक्त सल्लाहाकार समुहको कार्यविवरण निर्धारण गर्ने अधिकार नगरप्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

चालु आर्थिक वर्ष २०७६।०७७ को बजेटमा आन्तरिक राजश्वको हिस्सा विगतको भन्दा तुलनात्मक रुप बढी र महत्वकांक्षी भएको साथै नगर विकासको लागि आन्तरिक राजश्वको महत्वलाई मध्यनजर गर्दै यसको अभिबृद्धि र दायरा फराकिलो गर्दै करदातामैत्री वातावरण सृजना गर्नुपर्ने देखिएकोले यस विषयमा राजश्व शाखाबाट पेश भएको यसैसाथ सम्लग्न प्रस्तावना शंसोधन समित पारित गर्ने र सो को लागि राजश्व अभिबृद्धि कार्यक्रम तर्फको रु.३,५०,८००। छुट्टयाउने निर्णय गरियो ।

## वडास्तरीय कर सप्ताह कार्यक्रम २०७६
## प्रस्तावना

कार्यक्रमको नाम: <u>वडास्तरीय कर सप्ताह कार्यक्रम</u>

कार्यक्रमको स्थान: तानसेन न.पा. वडा नं. १ देखि १४ सम्म वडा कार्यालय

लाभान्वित समुह: तानसेन नगरपालिका क्षेत्र भित्र रहेका सम्पुर्ण करदाताहरु

कार्यक्रम संचालन अवधि: २०७६ भाद्र २५ गते देखि २०७६ चैत्र मसान्त सम्म

कार्यक्रम संचालनको गर्ने जिम्मेवारी: तानसेन नगर कार्यपालिकाको कार्यालय राजश्व शाखा पाल्पा ।

### १. पृष्ठभुमी:

स्थानीय सरकार संचालन ऐन, २०७४, तानसेन नगरपालिकाको आर्थिक प्रशासन ऐन २०७५ वमोजिम स्थानीय सरकार संचालन र कर तथा सेवा शूल्क दस्तूर संकलन प्रक्रिया भईरहेको छ । ऐनद्वारा प्रदत्त अधिकार प्रयोग गरी स्थानीय सरकारको रुपमा आफ्नो क्षेत्र भित्र कर तथा दस्तूरको निर्धारण गरी नगरसभाबाट स्वीकृत गराई सोही बमोजिम स्थानीय राजश्व संकलन गर्ने गरिरहेको अवस्था रहेको छ । तथापी तानसेन नगरपालिका क्षेत्र भित्र रहेका करदाताहरुबाट अपेक्षित रुपमा कर संकलन गर्न नसकिएको शन्दर्भमा करदाताहरुलाइ

वडास्तरबाटै सम्पुर्ण कर भुक्तान गर्नको लागि आवश्यक पुर्वाधार तयार भैसक्दा पनि कर संकलन प्रक्रियालाई प्रभावकारी रुपमा संचालन गर्न सकिएको छैन । तानसेन नगरपालिकाका सम्पुर्ण वडाहरुमा आवश्यक जनशक्तिको कमी र भएका जनशक्तिबाट सम्पुर्ण कार्य सम्पन्न गर्न असम्भव रहेको कारण हरेक वडाहरुमा तानसेन नगरपालिका कार्यालयको कर्मचारीहरुको प्रत्यक्ष संलग्नतामा कर सप्ताह संचालन गरी कर सम्बन्धी तथ्याङ्क अद्यावधिक गरी बक्यौता तथा चालू आ.व.को कर संकलन गरी कर प्रणालीलाई सूधार गर्नू पर्ने आवश्यकता भएकोले यो "वडा स्तरीय कर सप्ताह कार्यक्रम २०७६" संचालन गर्न आवश्यक भएकोले यो प्रस्तावना तयार गरिएको थियो ।

## २. अवधारणा:

- स्थानीय सरकार संचालन ऐन, २०७४ र तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७५ले दिएको अधिकार प्रयोग गरि कर संकलन प्रणलीमा सूधार गरी समयमा कर तिर्नू करदाताको कर्तव्यलाई वोध गराई करदातालाई कर तिर्दा आत्म गौरवको अनूभुति गराउने ।
- नगरपालिकाले संकलन गर्ने कर समयमा संकलन गर्न अभिप्रेरित गरी कर तिर्नु नागरिकको दायित्व हो र समयमै कर संकलन पश्चात नगरपालिकाको योजना तर्जूमा प्रक्रिया तथा योजना कार्यान्वयनमा सघाउ पूग्ने र नगर विकासमा आन्तरिक आम्दानीको योगदान पूग्ने कूरा सचेत बनाउने र कर संकलनमा अभिबृद्धि गर्ने ।

## ३. उद्देश्य:

क) तानसेन नगरपालिका क्षेत्र भित्र रहेका सबै करदाताहरुलाई नियमन गर्ने ।

ख) वडा अनूसार सम्पत्तिकर, मालपोतकर, बहालकर, व्यवसायहरुको तथ्याङ्क अद्यावधिक गर्ने ।

ग) करदाता व्यवसायीहरुको वडा कार्यालयबाटनै व्यवसाय दर्ता, प्रमाणपत्र जारी, नविकरण तथा कर संकलन गर्ने ।

## ४. आशातित प्रतिफल

यो कार्यक्रम संचालन पछि तानसेन नगरपालिका क्षेत्रभित्र रहेका सम्पुर्ण करदाताहरु मध्य ९० प्रतिशत करदाताहरु करको दायरामा आउने र करीब ९० प्रतिशत सम्पत्तिकर, मालपोतकर, व्यवसायकर, बहालकर संकलन गरिने छ । जसबाट करीब रु. १,५०,००,०००। राजश्व संकलन हूनेछ ।

### ५. अनूमानित खर्च विवरण

| क्र.स. | कार्यक्रम विवरण | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | कर्मचारी खाना र खाजा खर्च | १४०X४ | ५०० | २,८०,००० | | |
| | स्टेशनरी | १ | १०००० | १०००० | | |
| २ | इन्धन | १४०X२ | ११० | ३०,८०० | | |
| ३ | विविध खर्च (संचार तथा समन्वय) | १ | ३०००० | ३०००० | | |
| | जम्मा | | | ३,५०,८०० | | |

अक्षरुपी तीन लाख पचास हजार आठ सय रुपैया मात्र ।

६. खर्च व्यहोरिने शिर्षक
तानसेन नगरपालिकाको आ.व. २०७६/०७७ को स्वीकृत बजेटको प्रवर्द्धनात्मक कार्यक्रमको आन्तरिक राजश्व अभिबृद्धि कार्यक्रम शिर्षकबाट व्यहोरिनेछ ।
धन्यवाद ।

**निर्णय नं. ६**

लगानीको दृष्टिकोणले ठुला प्रकृतिका भौतिक पुर्वाधारका आयोजना संचालनका लागि बिस्तृत परियोजना प्रतिबेदन (DPR) अनिवार्य पूर्व शर्त हूने भएको साथै DPR तयार गर्ने कार्य आफैंमा बिशिष्ट, जटिल र प्राविधिक भएको र हाल कार्यालयमा DPR तयारी सम्बन्धी दक्षता भएको कर्मचारीहरुको कमी भएको सन्दर्भमा नगरपालिकाको विकासमा दुरगामी असर पार्ने खालका एवं न.पा.बाट प्राथमिकीकरण गरिएका दीर्घकालिन महत्वका योजनाहरुको DPR तयार गर्न प्रदेश नं. ५ भित्रका इन्जिनियरीगं कलेजहरु मध्ये कुनै उपयुक्त इन्जिनियरीङ्गसंग सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका भित्रका बिभिन्न मानब बस्ती नजिकै राखिएका दुर्गन्धित बंगुरका खोर र छाडा रुपमा अव्यवस्थित ढंगबाट बंगुर पाल्दा स्थानीय बासिन्दाको स्वास्थ्यमा प्रतिकुल असर परेको भनी विभिन्न वडाबाट गुनासो प्राप्त भएकोले तानसेन नगरपालिका भित्र कुनै पनि मानव बस्ती नजिक बंगुरपालन रोक लगाउने र हाल संचालनमा रहेका त्यस्ता खोर तथा बंगुरलाई हटाउने सम्बन्धी १५ दिने सूचना प्रकाशन/प्रशारण गर्ने र सो को जानकारी र आवश्यक सहयोगको लागि स्थानीय प्रशासनलाई समेत पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको न्यूनतम दररेट निर्धारण समितिको मिति २०७६।०३।३० को निर्णय बमोजिम चालु आ.व. २०७६।०७७ को लागि सिफारिस गरिएको नगर दररेट अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner